# आँखामा कचेरा र कन्जन्क्टिभाइटिस

## दुई भिन्न समस्याहरू

'आँखा च्यापच्याप हुनु' नवजात शिशुहरू र साना बच्चाहरूमा सामान्य कुरो हो जब उनीहरूका आँशुका ग्रन्थीहरू विकसित भइरहेका हुन्छन्। उनीहरूका आँखाका कुनामा तपाईंले केही कचेराहरू देख्नु हुनेछ र उनीहरूका परेलाहरू टाल्लिन सक्छन्।

यो सामान्यतः आफै सफा हुन्छ, तर तपाईंले आफ्नो नानीका आँखाहरूलाई गीलो रूईले नियमित रूपमा सफ्फा गर्नु पर्ने हुन्छ। यसका लागि सफ्फा, उमालेर चिसो पारिएको पानीको प्रयोग गर्नुहोस्।

एक-एक आँखालाई नाकबाट बाहिरतिरको दिशामा पुछ्नुहोस्। प्रत्येकपटक सफ्फा गर्नका लागि सफ्फा रूईको टुक्रा प्रयोग गर्नुहोस्। यसो गर्नु अगाडि र पछाडि आफ्ना हातहरू पखाल्न नबिर्सनुहोस् र संक्रमण फैलन नदिन साझा तौलियाहरू प्रयोग नगर्नुहोस्।

### जीपी भन्दछन् - कन्जङ्क्टिभाइटिस

आँखा च्यापच्याप हुनुका लक्षणहरूलाई कहिलेकाहिँ 'कन्जङ्क्टिभाइटिस' भनिने एक संक्रमण ठानिन्छ। कन्जङ्क्टिभाइटिसमा पहेँलो, हरियो कचेरा निस्कन्छ जो बारम्बार निस्कन्छ। यदि यस्तो चाल पाउनुहुन्छ भने आफ्ना स्वास्थ्य भिजिटर वा जीपी-लाई सम्पर्क गर्नुहोस्। यो सजिलै सर्न सक्छ, त्यसैले आफ्ना हातहरू पखाल्नुहोस् र आफ्नो नानीको लागि बेग्लै तौलियाको प्रयोग गर्नुहोस्।

### एक

के तपाईंको नानीको आँखाको कुनाबाट कचेरा निस्कँदैछ र के उसका परेलाहरू आपस्तमा जोडिएका देखिन्छन्?

### दुई

आँखा च्यापच्याप हुनु सामान्य अवस्था हो जसले प्रायःजस्ता नानीहरूलाई प्रभावित पार्दछ, आफ्ना स्वास्थ्य भिजिटरसँग कुरा गर्नुहोस्।

### तीन

प्रत्येकपटक नानीका आँखा पुछ्नका लागि सफ्फा रूईको टुक्रामा उमालेर चिसो पारिएको पानीको प्रयोग गर्नुहोस्।

स्रोतः स्वास्थ्य विभाग 2006